आ.व. २०८१/०८२

बैठक संख्या ५

आज मिति २०८१/०७/२६ गते सोमबारका दिन बिहान ११:०० बजे यस रामपुर नगर कार्यपालिकाको पाचौ कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

तपसिलः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २ | श्री बाल कुमारी थापा | नगर उपप्रमुख | |
| ३ | श्री कपिल बहादुर खाँण | वडाध्यक्ष | |
| ४ | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५ | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६ | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७ | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८ | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९ | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १० | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११ | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२ | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३ | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४ | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७ | श्री दुर्गा देवी भण्डारी गौतम | कार्यपालिका सदस्य | |
| १८ | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २० | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१ | श्री सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को पाचौं कार्यपालिकाको बैठकका

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा ।

२. एकादशी पर्व स्थानीय बिदा सम्बन्धमा ।

३. शिक्षा समिति सदस्य चयन सम्बन्धमा ।

४. खेलकुद प्रशिक्षक तथा योग प्रशिक्षक नियुक्ति सम्बन्धमा ।

५. रामसिताको मुर्ति स्थापनार्थ जग्गा खरिद सम्बन्धमा ।

६. विविध ।

निर्णयहरु

१.निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०६/२० गते बसेको चौथो कार्यपालिका बैठकको निर्णयहरुको देहायबमोजिको समिक्षा गरियो ।

१.महान पर्व विजया दशमी/ बडा दशै, २०८१ को अवसरमा उपस्थित सम्पूर्ण बीच शुभकामना आदनप्रदान गरिएको ।

२.मिति २०८१/०६/११ देखि १३ गते सम्म भएको वर्षा र बाढी पहिरोले यस नगरपालिका क्षेत्रभित्रका विभिन्न क्षेत्रमा बाढी, पहिरो गएकोमा तपसिल बमोजिमको क्षेत्रमा पूर्ण रुपमा आवतजावत हुन नमिल्ने गरी क्षती भएकोले सम्बन्धित वडाका प्राविधिक कर्मचारीले तयार गरेको लागत इस्टिमेटको आधारमा तत्काल नै मर्मत गर्ने गरी निर्णय गरिएको ।

तपसिलः

| क्र.सं. | वडा नं. | स्थान | कैफियत |
|---|---|---|---|
| १ | रा.न.पा-१ | स्याउलीबजार, साखर्दी, पन्थे मिजारे | |
| २ | रा.न.पा-३ | कामीगाउ देखि ठूलोवन हुदै दुर्लुमछाप, लामडाँडा, बाहृपन्थी थर , कुमाल ढिक | |
| ३ | रा.न.पा-४ | छत्तिनिडाँडा, गिजिनिखोला, बहखोला | |
| ४ | रा.न.पा-७ | भञ्याङ्ग बारी हुदै बासुका | |

३. रामपुर नगरपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८१ र रामपुर नगरपालिका जनप्रतिनिधिसँग संवाद कार्यक्रम कार्यविधि, २०८१ गरी दुईवटा कार्यविधिका सम्बन्धमा छलफल गरी आवश्यक संशोधन सहित पास गर्ने निर्णय गरिएको ।

४. प्लाष्टिकजन्य फूल तथा मालाले वातावरणीय प्रदुषण हुनका साथै मानव स्वास्थ्यमा समेत प्रतिकुल असर पार्ने, स्थानीय कृषकबाट उत्पादित फूलले बजार नपाउने तथा ठुलो धनराशी बाहिरिने जस्ता समस्याहरु देखिने भएकोले नेपालीहरुको आउदै गरेको महान पर्व विजया दशमी, शुभ दिपावली, नेपाल संवत तथा छठ पर्व लगायत विभिन्न महत्सोव तथा अन्य सभा समारोहमा प्लाष्टिककजन्य फूलगुच्छा, माला लगायतका सामाग्रीहरुको प्रयोग, उत्पादन, आयात, बिक्री वितरण र भण्डारण नगर्न नगराउनुहुन साथै नगर क्षेत्रभित्र उत्पादन गरेको सयपत्री फूलहरु लगायत विभिन्न स्थानहरुमा सयपत्री, गोदावरी, मखमली लगायतका फूलहरु उत्पादन भईरहेको परिप्रेक्षमा प्राकृतिक रुपमा उत्पादन भएका उक्त फूलहरु एवम् सो बाट बनेका मालाहरु मात्र प्रयोग गर्न हुन सम्बन्धित सबैमा सूचना प्रकाशन गरिएको ।

५.रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका योजनाहरु कार्यान्वयन गर्ने गरी निर्णय गरियो ।

तपसिलः

**आर्थिक वर्ष २०८१/०८२**

| सि.नं. | वडा नं. | आयोजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | १ | वडा भित्रका गोरेटो तथा मोटर बाटो मर्मत | |
| २ | १ | वडा भित्रका मठ,मन्दिर,पाटी,पौवा,चौतारो संरक्षण र मर्मत | |
| ३ | २ | रानिघाट शवदहन सिढी निर्माण | |
| ४ | ३ | नर्मदा चौतारी निर्माण योजना | |
| ५ | ३ | वडाभित्रका नयाँ नाली निर्माण योजना | |
| ६ | ४ | सार्वजनिक स्थल मठ मन्दिर पाटी पौवा धारा कुवा निमार्ण तथा मर्मत योजना | |
| ७ | ४ | बडा भित्रका मो.वा. तथा गोरेटो बाटो मर्मत | |
| ८ | ५ | बृक्षारोपण कार्यत्रम अन्तगत सार्वजनिक जग्गाहरुमा रोपण गरिएको बिरुवाहरुको संरक्षण तथा सम्वद्धन योजना | |
| ९ | ५ | शहिद पार्क मर्मत तथा निमार्ण योजना | |
| १० | ६ | आधारभुत स्वास्थ्य सेवा केन्द्र पर्खाल निमार्ण | |
| ११ | ६ | ज्यादी दोभान घाटमा सिढी निमार्ण | |
| १२ | ७ | शितलनगर टोलको गणेश मन्दिर जाने बाटोको सिढी निमार्ण | |
| १३ | ७ | श्री धर्मोदय दशावतार बालन दशधाम निमार्ण साझेदारी कार्यक्रम | |
| १४ | ८ | वडा भरिका खालि जमिनमा उत्पादमूलक बृक्षारोपण | |
| १५ | ८ | वडा भरिका अप्ठयारोर/पर्यटकीय क्षेत्रका लागी नयाँ बाटो /ट्र्याक निमार्ण | |
| १६ | ९ | तुरुन्दी,बरभञ्ज्याङ्ग,स्वामीडाडाँ,कोटडाँडा,पिलुवा र लाम्दीखोला अन्तरगतका बाटोहरु निमार्ण | |
| १७ | ९ | जय्गादी मसानेचौर,मधुकोट,सेगीडहर, सोतीडाँडा,अर्वसिंङ,साठी पाइला,देउराली, मन्छेलुङ् देखी मन्टाहा सम्मको बाटोहरु मर्मत । | |

| | | | |
|---|---|---|---|
| १८ | १० | सिन्दुरे पानी मुल्याहा,खरक कुलो मर्मत योजना | |
| १९ | १० | च्याइलीडठूलो कुलो, शालधारी प्रतिक्षालय तथा कुमालगाँउ धारा ठाडो बाटो नाली निमार्ण योजना | |

६. रामपुर नगरपालिका वडा नं. ५ राङ्गभाङ्ग किसानबारी जोडने सडकखण्ड अविरल वर्षका कारणले पूर्ण रुपमा क्षती पुगेकोले सो स्थानमा मर्मतका लागि आवश्यक पहल गर्ने साथै नगरपालिका स्थित अन्य विभिन्न ठाँउमा समेत मर्मत गर्नुपर्ने भएकोले सोको मर्मतका लागि जाली माग गर्न जिल्ला प्रशासन कार्यालय, तानसेन, पाल्पामा माग गर्ने निर्णय गरिएको ।

७. परामपरा देखि चल्दै आएको कोटपूजा कार्यको लागि वितगका वर्षहरुमा जस्तै यस आर्थिक वर्षको विजया दशमीको उपलक्ष्यमा गरिने कोटपूजाको लागि "विभिन्न चाडपर्व खर्च" शिर्षकवाट कट्टा हुने गरि तपसिल बमोजिमका कोटहरुमा प्रतिकोट रु १५,०००/- का दरले कोटपूजा खर्च उपलब्ध गराउने।

१. बर्दाकोट कोटघर - वडा नं १
२. दुर्गा देवी कोटघर - वडा नं २
३. ऐतिहासिक कोटघर बोटेगाँउ, वडा नं.३
४. मौलाथर कोटघर - वडा नं ४
५. मौलाकालिका कोटघर - वडा नं ७, मुडीखोप
६. अकलाकालिका कोटघर - वडा नं ७, बाहुनडाँडा
७. कोटडाँडा कोटघर - वडा नं ९
८. भिमा देवी कोटघर — वडा नं १०, मगरे
९. दुर्गा भवानी कोटघर — वडा नं १०, मौलाथर

८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० बमोजिम रामपुर नगरपालिका अन्तर्गत पार्किङ्ग हुने सवारी साधनहरुलाई पार्किङ्ग गर्ने व्यवस्था मिलाउदै नगरको आन्तरिक आय संकलन तथा पार्किङ्ग शुल्क उठाउने कार्य ठेक्काद्वारा गर्ने कार्यका लागि पार्किङ शुल्क उठाउनका लागि सिलवन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरिएको ।

९. श्री ज्योति पुञ्ज युवा क्लब, रामपुर-७ पाल्पाका अध्यक्ष सुदिप गौतमले मिति २०८१/०६/०७ गतेको पत्रानुसार उक्त क्लबको आयोजनामा मिति २०८१ कार्तिक महिनाको ३ गते देखि हुन लागेको ज्योति पुञ्ज कप फुटवल प्रतियोगिता २०८१ सञ्चालनका लागि आवश्यक सहयोग माग गरेकोमा नगर खेलकुद कार्यक्रम(मेयर कप लगायत अन्य प्रशिक्षणमुलक कार्यक्रम) शीर्षकबाट कट्टा हुने गरी रु १०,००,०००/-/-(रु दश लाख मात्र) सहयोग गर्ने निर्णय गरिएको ।

CamScanner

१०. रामपुर नगरपालिकाको मिति २०८१/०५/२५ गते बसेको बैठक बमोजिम रामपुर नगरपालिकाको स्थानीय युवा परिषद ऐन २०८१ परिच्छेद ३ को दफा ५ मा परिषदको गठन अन्तर्गत स्थानीय सरकारले मनोनयन गरेको युवा उपाध्यक्ष हुने व्यवस्था भएबमोजिम उपाध्यक्षमा यस रामपुर नगरपालिका वडा नं. ५ निवासी दिपक अर्यालालाई मननोयन गर्ने निर्णय गरिएकोमा रामपुर नगरपालिकाको स्थानीय युवा परिषद ऐन २०८१ मा थप अध्ययन र परिमार्जन गर्नुपर्ने हाललाई उक्त निर्णय कार्यान्वयन नगर्ने निर्णय गरियो ।

११. नेपालको संविधानको धारा ५७ को उपधारा (४) बमोजिम अनुसूची ८ को बुँदा नं. ४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा (३), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (१) साथै लुम्बिनी प्रदेश मनोरञ्जन कर नियमावली, २०७६ बमोजिम चलचित्र घर, नाटकघर,भिडियोघर, थियटर,सर्कस, जादु, चटके,सांस्कृतिक प्रदर्शनी, व्यापार मेला, दोहरी साँझ, डान्सबार, फन पार्क, वाटर गार्डेन, बाल उद्यान, केवल नेटवर्क र डिस टेलिभिजन साथै प्रवेश टिकट लिएर सञ्चालन गरिने मनोरञ्जनात्मक व्यवसायहरुले स्थानीय तहमा अनिवार्य रुपमा अनुमति लिएर नियमानुसार मनोरञ्जन कर बुझाई सञ्चालन गर्नुपर्ने व्यवस्था भएकोमा यस नगर क्षेत्रभित्र कतिपय मनोरञ्जन सम्बन्धी व्यवसाय सञ्चालनकर्ताले विना अनुमति मनोरञ्जन कर नतिरि सञ्चालन गरिरहेकोले २०८१ साल कार्तिक मसान्तभित्र सम्पूर्ण विवरण सहित नियमानुसार अनुमति लिन तथा कर बुझाउने सम्बन्धमा सूचना प्रकाशन गरिएको ।

१२. विपद व्यवस्थापन कोष शिर्षकबाट कट्टा हुने गरि विभिन्न आर्थिक सहयोग प्रदान गरिएको ।

१३. आर्थिक सहायता (औषधी उपचार खर्च लगायत अन्य) विभिन्न आर्थिक सहयोग प्रदान गरिएको ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा रामपुर नगरपालिका भएर बग्ने नदी कालीगण्डकी क्षेत्रमा भव्य रुपमा मनाइने पवित्र चाड हरिबोधिनी एकादशी २०८१ को पावन अवसरमा मिति २०८१/०७/२७ गते मंगलबारका दिन रामपुर नगरकार्यपालिकाको कार्यालय, नगरपालिका मातहतका सम्पूर्ण कार्यालयहरु तथा सम्पूर्ण शैक्षिक संस्थाहरुमा सार्वजनिक बिदा दिने निर्णय गरियो ।

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा ८ बमोजिम यस अघि गठित नगर शिक्षा समितिको २ वर्षे कार्यकाल समाप्त भएकोले तपसिल बमोजिमको नगर शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

CS CamScanner

तपसिल:

क)नगरपालिका नगर प्रमुख, श्री रमण बहादुर थापा - अध्यक्ष

ख)नगरपालिका नगर उप-प्रमुख, श्री बाल कुमारी थापा - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत, श्री सुर्य दर्शन पण्डित - सदस्य

घ) नगर कार्यपालिकाबाट नगर सदस्यहरु मध्येबाट नगर कार्यपालिकाले तोकेको कम्तीमा १ जना महिला सदस्य सहित २ जना

१) श्री - सदस्य

२) श्री - सदस्य

ङ) स्थानीय शिक्षा प्रेमी वा समाजसेवी मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना दलित र २ जना महिला समित ३ जना

१) श्री

२) श्री

३) श्री

च) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरुमध्ये नगरपालिकाले तोकेको २ जना

१) श्री - सदस्य

२) श्री - सदस्य

छ) नेपाल शिक्षक महासंघको अध्यक्ष १ जना, श्री - सदस्य

ज) संस्थागत विद्यालयहरुको प्र.अ. मध्येबाट नगरपालिकाले मनोनयन गरेको १ जना, श्री - सदस्य

झ) सामुदायिक विद्यालयको व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट नगर प्रमुखले मनोनयन गरेको १ जना श्री - सदस्य

ञ) शिक्षा हेर्ने विषयगत समितिको संयोजक, श्री सीमा देवी थापा - सदस्य

ट) नगरपालिकामा शिक्षा हेर्न तोकिएको अधिकृत, श्री विकल काफ्ले - सदस्य सचिव

४. निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा शारीरिक, मानसिक स्वस्थता साथै आध्यात्मिक अभ्यास र अनुशासनको लागि मानव जीवनमा योग र ध्यानको महत्वपूर्ण भूमिका हुने हुदाँ रामपुर नगरपालिकाका विद्यालयका विद्यार्थीहरुलाई योग तथा संस्कार सिकाउनको लागि योग प्रशिक्षकको अति आवश्यक देखिएको हुनाले नियमानुसार १ जना योगा प्रशिक्षक व्यवस्था गर्ने साथै नगरपालिकाको खेल क्षेत्रको विकास, राष्ट्रपति रनिङ्ग शिल्ड लगायत अन्य खेलकुद प्रतियोगितामा रामपुर नगरपालिका भित्रका विभिन्न विद्यालयका विधार्थीहरुलाई अग्रस्थानमा ल्याउन सहयोग पुऱ्याउने उद्देश्यले खेल प्रशिक्षक समेत आवश्यक रहेकाले नियमानुसार १ जना खेलकुद प्रशिक्षक व्यवस्था गर्ने निर्णय गरियो ।

CamScanner

५. निर्णय नं. ५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ का लागि विनियोजित वार्षिक कार्यक्रम अन्तर्गत भगवान राम सीताको मूर्ति स्थापनाको लागि जग्गा खरिद गर्ने प्रकृयालाई नियमानुसार अगाडी बढाउने निर्णय गरियो ।

६. निर्णय नं. ६, प्रस्ताव नं. ६ माथि छलफल गर्दा सम्मानीय सर्वोच्च अदालतको मिति २०८१ कार्तिक ११ को ०७८-MS-००२२ को फैसला बमोजिम यस रामपुर नगरपालिका क्षेत्रभित्र तपसिल बमोजिमका घाटहरुको IEE गरी तपसिलका अनुसारका घाटहरुलाई नियमानुसार ठेक्कामा लगाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | घाट नं. | घाटको नाम | वडा नं. |
|---|---|---|---|
| १. | घाट-१ | बौडी घाट | वडा नं.१० |
| २. | घाट-२ | मुलेवा घाट | वडा नं.१० |
| ३. | घाट-३ | निसर्दी घाट | वडा नं. ८ |
| ४. | घाट-४ | भुजात घाट | वडा नं. ८ |
| ५. | घाट-५ | अम्दाह घाट | वडा नं. ८ |
| ६. | घाट-६ | टुटुवा घाट | वडा नं. ६ |
| ७. | घाट-७ | तातोपानी घाट | वडा नं. ६ |
| ८. | घाट-८ | कोप्चे घाट(राम घाट) | वडा नं. ५ |
| ९. | घाट-९ | वडवान घाट | वडा नं. ४ |
| १०. | घाट-१० | केलादी घाट | वडा नं. ३ |
| ११. | घाट-११ | वाडावगर खैरेनी घाट | वडा नं. २ |
| १२. | घाट-१२ | टापुधाम खटाङ्ग घाट | वडा नं. १ |

CamScanner

७. निर्णय नं. ७, प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिल बमोजिम विपद व्यवस्थापन कोष शिर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नामथर | वडा नं. | विवरण | राहत लिएको रकम |
|---|---|---|---|---|
| १. | हिमलाल घर्ति | रा.न.पा-३ | निजको श्रीमति हिरा देवी घर्तीको मुटुको सममस्या | रु १२,०००/- (रु बाह्र हजार मात्र) |
| २. | सोम बहादुर सार्की | रा.न.पा- २ | निजको छोरा अस्मिल सार्कीको दुवै खुट्टा आगोले जलेको | रु १२,०००/- (रु बाह्र हजार मात्र) |
| ३. | विष्णु बहादुर दमै | रा.न.पा- ४ | निजको दाया हातको औंला काटिएको | रु १२,०००/- (रु बाह्र हजार मात्र) |
| ४. | सोम बहादुर कुमाल | रा.न.पा-६ | फोक्सो रोगबाट ग्रसित | रु १५,०००/- (रु पन्ध्र हजार मात्र) |
| ५. | सन्त बहादुर सार्की | रा.न.पा-४ | गोरी सार्कीको मिति २०८१/०६/१६ मा मृत्यु भएको क्रिया खर्च | रु १२,०००/- (रु बाह्र हजार मात्र) |
| ६. | नर बहादुर ढेंगा थापा | रा.न.पा- ४ | निजको छोरा झमन थापाको हृदयघातको कारण जापानमा मृत्यु भएको र उक्त देशबाट नेपाल ल्याउदा भएको खर्च स्वरुप सहयोग | रु २५,०००/- (रु पच्चीस हजार मात्र) |
| ७. | हुम बहादुर शाही | रा.न.पा- ६ | रामपुर नगरपालिका वडा नं. ६ पर्ने कुइनबोट कुलोमा मिति २०८१/०६/१२ र १३ गतेको अविरल वर्षाको कारणले पूर्ण रुपमा क्षति | रु १०,०००/- (रु दश हजार मात्र) |
| ८. | भगवान भण्डारी | रा.न.पा- ६ | रामपुर नगरपालिका वडा नं. ६ पर्ने गौरी खेतको बाध कुलोमा मिति २०८१/०६/१२ र १३ गतेको अविरल वर्षाको कारणले पूर्ण रुपमा क्षति | रु २५,०००/- (रु पच्चीस हजार मात्र) |
| ९. | रिम बहादुर नेपाली | रा.न.पा-९ | बस दुर्घटनामा परी स-परिवार घाइते | रु २५,०००/- (रु पच्चीस हजार मात्र) |
| १०. | सुकमाया क्षेत्री | रा.न.पा-१ | निजको छोरी समिक्षा क्षेत्री बिरामी | रु १२,०००/- (रु बाह्र हजार मात्र) |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११. | घनश्याम कुमाल | रा.न.पा-६ | वर्षातको कारण निजको घर जोखिममा | रु २५,०००/-<br>(रु पच्चीस हजार मात्र) |
| १२. | टेक बहादुर कुमाल | रा.न.पा-६ | वर्षातको कारण निजको घर जोखिममा | रु २५,०००/-<br>(रु पच्चीस हजार मात्र) |
| १३. | तारानाथ कंडेल | रा.न.पा-६ | तिलकपुरे खेतमा पहिरो गई खेत जोखिममा | रु १५,०००/-<br>(रु पन्ध्र हजार मात्र) |
| १४. | मदन आले | रा.न.पा-४ | वर्षातको कारण निजको घर जोखिममा | रु १२,०००/-<br>(रु बाह्र हजार मात्र) |
| १५. | तुलसी कुमाल | रा.न.पा-४ | माथिल्लो वडमान बस मुरे सिचाइ कुलो मर्मत | रु १५,०००/-<br>(रु पन्ध्र हजार मात्र) |
| १६. | डोलराज भट्टराई | रा.न.पा-३ | मिति २०८१/०६/११ को वर्षातको कारण पहिरो गई गण्डकीढिक सिंचाई कुलोमा क्षति पुगेको | रु २०,०००/-<br>(रु बीस हजार मात्र) |
| १७. | पिताम्बर कंडेल | रा.न.पा-१० | मिति २०८१/०६/१२ र १३ को वर्षातको कारण पहिरो गई रामपुर नगरपालिका १० घाट कुलोमा क्षति पुगेको | रु १५,०००/-<br>(रु पन्ध्र हजार मात्र) |
| १८. | कला ढकाल | रा.न.पा-६ | अविरल वर्षाका कारणले क्षति भएको | रु १२,०००/-<br>(रु बाह्र हजार मात्र) |
| १९. | जब्गादी लिफ्ट खानेपानी तथा सरसफाई उपभोक्ता समिति | रा.न.पा-९ | उक्त लिफ्ट खानेपानीको ५० KVA को विद्युतीय ट्रान्सफर्मर | रु २०,०००/-<br>(रु बीस हजार मात्र) |
| २०. | आँपचौर हिउदे सिँचाई कुलो उपभोक्ता समिति | रा.न.पा-८ | उक्त कुलोमा पहिरो गएको | रु १२,०००/-<br>(रु बाह्र हजार मात्र) |
| २१. | अन्नपूर्ण कृषक समूह | रा.न.पा-४ | अविरल वर्षाको कारण कुलोमा पहिरो | रु २०,०००/-<br>(रु बीस हजार मात्र) |
| २२. | टेक बहादुर क्षेत्री | रा.न.पा-४ | अविरल वर्षाको कारण टेक बहादुर क्षेत्री र जित बहादुर क्षेत्रीको बारीमा क्षति | रु २०,०००/-<br>(रु बीस हजार मात्र) |
| २३. | डल बहादुर सुनार | रा.न.पा-९ | अविरल वर्षाका कारण पहिरो गई घरलाई क्षति | रु १५,०००/-<br>(रु पन्ध्र हजार मात्र) |
| २४. | गल्मादी कुलो | रा.न.पा-४ | अविरल वर्षाका कारण उक्त कुलोमा पहिरो गएको | रु १०,०००/-<br>(रु दश हजार मात्र) |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २५. | लेखन बहादुर मेदासी ठकुरी | रा.न.पा-३ | अविरल वर्षाका कारणले घरमा क्षति भएको | रु १०,०००/- (रु दश हजार मात्र) |
| २६. | मिठु शर्मा | रा.न.पा-८ | अविरल वर्षाका कारणले घरमा क्षति भएको | रु १५,०००/- (रु पन्ध्र हजार मात्र) |
| २७. | केशवराज पंगेनी | रा.न.पा-९ | अविरल वर्षाका कारणले घरलाई प्रभाव पार्ने गरी क्षति भएको | रु २५,०००/- (रु पच्चीस हजार मात्र) |
| २८. | यज्ञ प्रसाद पंगेनी | रा.न.पा-९ | अविरल वर्षाका कारणले घरलाई प्रभाव पार्ने गरी क्षति भएको | रु २५,०००/- (रु पच्चीस हजार मात्र) |
| २९. | गणेश प्रसाद देवकोटा | रा.न.पा-६ | अविरल वर्षाका कारणले घिमिरे कुलोमा पहिरो गएको | रु १०,०००/- (रु दश हजार मात्र) |
| ३०. | जमुना कंडेल | रा.न.पा-१ | निजको श्रीमान् नारायण प्रसाद कंडेलको मत्यु भएको काजक्रिया खर्च | रु १०,०००/- (रु दश हजार मात्र) |
| ३१. | गुन बहादुर सार्की | रा.न.पा-१ | मिति २०८१/०६/१२ गतेको अविरल वर्षाका कारणले घिमिरे कुलोमा पहिरो गएको | रु २५,०००/- (रु पच्चीस हजार मात्र) |

८. निर्णय नं. ८, प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिल बमोजिमका शिर्षकबाट देहायबमोजिम सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नामथर | विवरण | रकम | शीर्षक |
|---|---|---|---|---|
| १. | रुद्र नारायण श्रेष्ठ, अध्यक्ष रामपुर नेवा देय दबु, रामपुर, पाल्पा | रामपुर नेवा समाजद्धारा नेवा संस्कृति जर्गेनाका लागि आयोजना गरेको १४ औ बृहत लाखे नाँच प्रदर्शनी | रु ७५,०००/- (रु पचहत्तर हजार मात्र) | पर्यटन महोत्सव संचालन तथा ऐतिहासिक पौराणिक र पूरातात्विक धार्मिक संरक्षण तथा प्रवर्द्धन खर्च शिर्षक |

| | | | | |
|---|---|---|---|---|
| २. | बाल विकास केन्द्र, रा.न.पा-६ | बाल विकास केन्द्र, रा.न.पा-६ व्यवस्थापन खर्च बापतको रकम | रु ३०,०००/- (रु तीस हजार मात्र) | विभिन्न संघ संस्था तथा विद्यालय सहायता खर्च शिर्षक |
| ३. | भोजराज पोखरेल, अध्यक्ष बाल अधिकार प्रवर्द्धन समाज | उक्त समाजले मिति २०८१ साल ४ महिना १२ गतेका दिन आयोजना गरेको वक्तृत्वकला प्रतियोगिता बापतको आर्थिक सहयोग | रु २०,०००/- (रु बीस हजार मात्र) | विभिन्न संघ संस्था तथा विद्यालय सहायता खर्च शिर्षक |
| ४. | नेपाल आदिवासी जनजाति महासंघ | ३० औ विश्व आदिवासी दिवस २०८१ को अवसरमा भएको खर्च बापतको सहयोग | रु २५,०००/- (रु पच्चीस हजार मात्र) | आदिवासी जनजाती, दलित, अपाङ्ग एकल महिला लक्षित कार्यक्रम खर्च शिर्षक |
| ५. | सनराइज युवा क्लब रामपुर-१ | उक्त कल्बको फर्निचर व्यवस्थापन बापतको सहयोग | रु ३०,०००/- (रु तीस हजार मात्र) | नगर स्तरीय मर्मत तथा निर्माण खर्च शिर्षक |
| ६. | सहयात्रा नेपाल | २०८१ साल भाद्र १० गते आयोजना गरिएको रम्भादेवी सांस्कृतिक महोत्सव संचालनार्थ सहयोग | रु ५०,०००/- (रु पचास हजार मात्र) | पर्यटन महोत्सव संचालन तथा ऐतिहासिक पौराणिक र पूरातात्विक धार्मिक संरक्षण तथा प्रवर्द्धन खर्च शिर्षक |

९. निर्णय नं. ९, प्रस्ताव नं. ६ माथि छलफल गर्दा नेपाल नगरपालिका संघको Ref. ३५-२०८१/०८२, मिति २०८१/०५/२१ को पत्रानुसार उक्त संघलाई अझ बढि क्रियाशिल गराउनका लागि संघको स्थायी आर्थिक स्रोतको रुपमा रहेको नगरपालिकाहरुबाट प्राप्त हुने वार्षिक सदस्यता शुल्क बापतको रकम संघलाई उपलब्ध गराई संघलाई रचनात्मक र अझ प्रभावकारी बनाउन योगदान गरिदिनुहुन भनि लेखि आएकोले सदस्यता शुल्क बापतको रकम रु २५,०००/-(पच्चीस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

१०. निर्णय नं. १०, प्रस्ताव नं. ६ माथि छलफल गर्दा रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ का लागि विनियोजित वार्षिक कार्यक्रम अन्तर्गत रामपुर नगरपालिका स्वागतद्धार निर्माण वडा नं. १० योजना कार्यान्वयनको लागि उपयुक्त स्थान रम्भा गाउँपालिका वडा नं. १ मा देखिएको साथै रम्भा गाउँपालिकाको स्वागत बोर्डको निर्माणको लागि गाउँपालिकाले यस नगरपालिकाको वडा नं. १० मा उक्त बोर्ड राख्नका लागि स्थान उपलब्ध गराइदिनुहुन भनि आग्रह गरेकोले अन्तर स्थानीय तह सहकार्य र समन्वयको

परिकल्पना स्वरुप यस पालिकाको स्वागतद्धार रम्भा गाउँपालिका वडा नं. १ को उपयुक्त स्थानमा निर्माणका लागि स्थान उपलब्ध गराई सहजीकरण गर्नका लागि आग्रह गर्ने साथै गाउँपालिको स्वागत बोर्ड यस नगरपालिकामा राख्नका लागि सहमति दिने निर्णय गरियो ।

११. निर्णय नं. ११, प्रस्ताव नं. ६ माथि छलफल गर्दा रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ का लागि विनियोजित वार्षिक कार्यक्रम अन्तर्गत विभिन्न वडाहरुमा खुला व्यामशाला निर्माण गर्न लागिएकोमा उक्त कार्यको लागि एकमुष्ठ रुपमा ठेक्का प्रकयाबाट गर्ने निर्णय गरियो ।

१२. निर्णय नं. १२, प्रस्ताव नं. ६ माथि छलफल गर्दा रामपुर नगरपालिका वडा नं. ५ राङ्गभाङ्ग किसानवारी जोडने सडकखण्ड अविरल वर्षका कारणले पूर्ण रुपमा क्षती पुगेकोले सो स्थानमा मर्मतका लागि प्राविधिकि ईस्टिमेटका आधारमा लागत अनुमानको सम्पूर्ण रकम विपद् व्यवस्थापन कोषबाट रकमान्तर गरी रु.२०,००,०००.०० (बीस लाख) बराबर बजेटको ठेक्का खोल्ने निर्णय गरियो।

१३. निर्णय नं. १३, प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस रामपुर नगरपालिका अन्तर्गत सम्पूर्ण वडामा कार्यपालिकाको घुम्ति बैठक बस्ने परिकल्पना स्वरुप मिति २०८१ साल मंसिर महिनाको ११ गते रामपुर नगरपालिका वडा नं.१० मा घुम्ति बैठक बस्ने साथै सोहि दिन जनप्रतिनिधि संवाद कार्यक्रम समेत संचालन गर्ने निर्णय गरियो ।

१४. निर्णय नं. १४, प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस कार्यालयमा मिति २०७६/११/१२ गते नियुक्ति भई यस नगरपालिका र नरहरिनाथ गाउँपालिकाको दोहोरो सहमति र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/०८/१९ को निर्णय अनुसार मिति २०७८/०९/१९ गते उक्त गाउँपालिका काज सरुवा भएका सब इन्जिनियर कमल बहादुर सहकारी र मिति २०७६/१२/०५ गते नियुक्ति भई यस नगरपालिका र नरहरिनाथ गाउँपालिकाको दोहोरो सहमति र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/११/२६ गतेको निर्णय अनुसार काज सरुवा भएका असिष्टेण्ट सब इन्जिनियर धन बहादुर सहकारी निज दुवैलाई उक्त गाउँपालिकामा समान सेवा, समुह, पद/तहमा पदस्थापनाका लागि सहमति दिने साथै उक्त व्यहोराको जानकारी नरहरिनाथ गाउँपालिका, कालिकोट र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, विरेन्द्रनगर सुर्खेतलाई जानकारी गराउने निर्णय गरियो ।

१५. निर्णय नं. १५, प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस कार्यालयको आ.व. २०८०/०८१ को वार्षिक समिक्षा कार्यक्रम तथा आ.व. २०८१/०८२ को पहिलो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१ मंसिर १४ गते संचालन गर्ने गरी निर्णय गरियो ।

१६. निर्णय नं. १६, प्रस्ताव नं. ६ माथि छलफल गर्दा साईबाबा कन्सट्रकसन प्रा.लि.को रामपुर नगरपालिका-५, पाल्पाले मिति २०८१/०६/२१ को पत्रानुसार यस नगरपालिकाबाट खुलाएको ठेक्का नं. RMO/WORK/NCB/१९/०८०/०८१ को सदावर्त बाङ्गेपसल बेझाड खेत डुम्रीगाउँ बिजयपुर मो.बा. मर्मत योजनाको लागि सब बेस आवश्यक परेको हुदा १५० घन मिटर सब बेस रामपुर नगरपालिकाको वडा नं. ७ मा रहेको नाम्ले खोलाको गिटि उपलब्ध गराइदिनुहुन भनि लेखि आएको हुदा यस कार्यपालिकाको बैठकमा छलफल हुदा यस कार्यालयमा नियमानुसार राजश्व तिर्ने गरि उक्त घाटबाट नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

१७. निर्णय नं. १७, प्रस्ताव नं. ६ माथि छलफल गर्दा रामपुर नगरपालिका १० नं वडा कार्यालयको च.नं. ३४७, प.सं. २०८१/०८२, मिति २०८१/०६/१८ गतेको पत्रानुसार उक्त वडाको मिलन चौपारी चम्फे पिपल भञ्याङ, पाँन सय गेझा धर्मपानी, राहुँ डाँडा छाप र वरडाँडा बौडी घाट मोटर बाटो मिति २०८१/०६/१२ र १३ को वर्षादको कारणले पहिरो गई क्षति भएको र आवत जावत गर्न अवरोध भएकोले मर्मतका लागि आवश्यक रकमका लागि पत्र प्राप्त भएकोले नगरस्तरीय मर्मत तथा निर्माण खर्च शिर्षकबाट कट्टा हुने गरी रु ४,५०,०००/-(रु चार लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

१८. निर्णय नं. १८, प्रस्ताव नं. ६ माथि छलफल गर्दा रामपुर नगरपालिका ४ नं वडा कार्यालयको च.नं. ५७२, प.सं. २०८१/०८२, मिति २०८१/०७/२५ गतेको पत्रानुसार उक्त वडामा रहेको मौलाथर खानेपानी योजना व्यवस्थापनको लागि आवश्यक बजेट रकम माग भएकोले ईस्टिमेटका आधारमा नगरस्तरीय खानेपानी योजना खर्च शिर्षकबाट कट्टा हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

१९. निर्णय नं. १९, प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस कार्यालय अन्तर्गत तपसिल बमोजिमका पदहरु रिक्त रहेकोले उक्त पदहरुको करार सेवामा दरखास्त आह्वानका लागि उपयुक्त मितिमा १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १ | ०३/०८१/०८२ | अ.हे.ब. (चौथो) | २ |
| २ | ०४/०८१/०८२ | अ.न.मि. (चौथो) | १ |
| ३ | ०५/०८१/०८२ | कार्यालय सहयोगी(श्रेणीविहिन) | २ |

२० निर्णय नं. २०, प्रस्ताव नं. ६ माथि छलफल पवित्र कालीगण्डकी नदिको तटमा रहेको धार्मिक स्थल रामघाटमा यस नगरपालिकाका ज्येष्ठ नागरिकहरुप्रति नगरपालिकाको उत्तरदायित्व र सामाजिक सुरक्षा अन्तर्गत ज्येष्ठ नागरिकहरुमा रहेका ज्ञान, सिप, अनुभव नयाँ पुस्तामा हस्तान्तरण गर्ने, विभिन्न धार्मिक क्रियाकलापमा संलग्न गराई आध्यात्मिक वातावरणमा सिर्जना गर्ने साथै नियमित सन्तुलन भोजन सहित दिवा खाजाको व्यवस्था, स्वास्थ्य परीक्षण गर्ने गरी ज्येष्ठ नागरिक स्कुल सञ्चालनमा ल्याउन लागिएकोमा उक्त स्थानमा रामपुर नगरपालिकाका विभिन्न वडाबाट ज्येष्ठ नागरिकहरुलाई ल्याउन लैजानका लागि ज्येष्ठ नागरिक स्कुल बस अति आवश्यक देखिएकोले गर्दा रामपुर नगरपालिका अन्तर्गत निर्मित जेष्ठ नागरिक स्कुल जेष्ठ नागरिक स्कूल बस खरिदको लागि तयार गरिएको लागत अनुमानमा अपुग रु १,००,०००.०० (एक लाख) सवारी साधन खरिदको लागि बिनियोजन गरिएको बजेट रु.१५,००,०००.०० (पन्ध्र लाख) बाट कट्टा हुने गरी थप गर्ने निर्णय गरियो।

२१. निर्णय नं. २१, प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस रामपुर नगरपालिकाको मिति २०८१/०१/२३ गते प्रथम पक्ष रामपुर नगरपालिका र दोस्रो पक्ष Garaukali construction Pvt. Ltd. बिच कालीगण्डकी पैदलमार्ग निर्माण गर्ने (RMO/WORK/NCB/२०८०/०८१) कार्यको सम्झौता भई निर्माण कार्य अघि बढाइएकोमा उक्त आ.व.को समपुरक बजेटको केहि हिस्सा फिर्ता भएको र आ.व. २०८१/०८२ मा यस कार्यालयको आन्तरिक श्रोतबाट जम्मा ४०,००,०००/-(रु चालीस लाख) विनियोजन भएकोमा रु.३९,९४,५२५.२३(रु उन्नचालीस लाख चौरानब्बे हजार पाँच सय पच्चीस दशमलव दुई तीन) खर्च भई ठेक्का सम्झौता बमोजिमको कार्य गर्न थप १० लाख बजेट अपुग भएकोले सार्वजनिक खरिद ऐनको दफा ५९ को उपदफा २(ख) बमोजिम उक्त ठेक्का सम्झौता अन्त्य गरी यस आ.व. २०८१/०८२ मा संघीय समपुरकबाट विनियोजित रकमको ठेक्का मार्फत अगाडी बढाउने निर्णय गरियो ।

२२. निर्णय नं. २२, प्रस्ताव नं. ६ माथि छलफल गर्दा नगरपालिकामा पारदर्शी, समावेशी, जवाफदेही, जनउत्तरदायी शासनको प्रवर्द्धन र स्थानीयस्तरमा सेवा प्रवाहलाई सुदृढ गर्न तथा नगरपालिकाको सेवा प्रवाह तथा विकास कार्यमा प्रत्यक्ष रुपमा संलग्न कार्यरत जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास साथै नगरपालिकामा हुन सक्ने विपद जोखिम प्रतिकार्य लगायत नगरपालिकाको भावी योजना कार्यदिशा तयार गर्ने तथा न्यायिक सम्पादनमा सहजता समेत ल्याउनका लागि रामपुर नगरपालिकाको त्रिवर्षीय क्षमता विकास योजना, मध्यमकालीन खर्च संरचना(MTEF), कर्मचारी सूचना व्यवस्थापन प्रणाली (PIS), विपद् पूर्वतयारी तथा प्रतिकार्ययोजना, आन्तरिक नियन्त्रण प्रणाली, सेवा प्रवाह मापदण्ड(SOP), विद्युतिय न्याय व्यवस्थापन प्रणाली सफ्टवेयर(Electronic Justice Management System) तयार गर्ने निर्णय गरियो ।

CamScanner